# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०७।०१ गते

## प्रेस विज्ञप्ति

**विषय: नियन्त्रणमा लिइएको ।**

-----------------------------------------

सव-डिभिजन वन कार्यालय मुर्गिया रुपन्देहीका वन रक्षक प्रेमचन्द्र विश्वकर्माले पुर्जीवाला चिरान काठ ओसारपसार गर्न सहयोग गरेवापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज प्रेमचन्द्र विश्वकर्मालाई सेवाग्राहीबाट रु. १२,०००।— (बाह्र हजार) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला रुपन्देही सैनामैना नगरपालिका वडा नं. ६ स्थित कलौनी चोकबाट रंगेहात नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ ।

(तारानाथ अधिकारी)
प्रवक्ता